# लिखु पिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चौलाखर्क, सोलुखुम्बु।
कोशी प्रदेश, नेपाल

प.सं:०८२/८३
च.नः

(छाप: लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौलाखर्क, सोलुखुम्बु कोशी प्रदेश, नेपाल)

मिति:२०८२/०८/०७

**विषय:प्राकृतिक स्रोतको बिक्री बितरण अनुमतिको लागि निवेदन पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस लिखु पिके गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिका क्षेत्रभित्र निर्माण उपभोक्ता समिति,निर्माण व्यबसायी र संस्थागत उपभोक्ता वा निर्माण समितिहरुमार्फत सञ्चालन हुने सम्पूर्ण योजनाहरुको **"कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,२०८२"** को दफा ७ को उपदफा १ मा उल्लेखित अनुसूची-६ क्र.स.४ र ५ बमोजिमको बिक्री शुल्क लिनुपर्ने कानुनी व्यवस्था रहे बमोजिम माथि उल्लेखित प्रयोजनको लागि आफ्नो व्यक्तिगत जग्गाबाट प्राकृतिक स्रोत(ढुंगा,गिटी,बालुवा,माटो,भरौट,बलौट) बिक्री बितरण गर्न ईच्छुक व्यक्तिहरुले तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखि बिक्री अनुमतिको लागि गाउँपालिका कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

१.साँध सिमानामा पर्ने जग्गाधनीको लिखित स्वीकृति ।

२.सम्बन्धित वडा कार्यालयको सिफारिस ।

३.बिक्री वितरण हुने प्राकृतिक स्रोतको अनुमानित परिमाण ।

(पुनश्चःमाथि तोकिएको कानूनी व्यवस्था गाउँपालिका क्षेत्रभित्र सञ्चालित योजना/आयोजनाहरुमा आफ्नो व्यक्तिगत जग्गाबाट प्राकृतिक स्रोतको बिक्रि बितरण गर्ने प्रयोजनको लागि मात्र कार्यान्वयन हुने छ)

रमेश कुमार कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत

(छाप: रमेश कुमार कार्की नि.प्रमुख प्रशासकीय अधिकृत)

ईमेल : likhupikerm@gmail.com,info@likhupikemun.gov.np वेबसाइट :-www.likhupikemun.gov.np